# हरिनगर गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड: ८** **संख्या: ८** **मिति:** २०८२/०८/२६

**भाग–२**


## हरिनगर गाउँपालिकाको मोटर बोरिङ सिँचाइ कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:– २०८२/०८/२५

**प्रस्तावना:** हरिनगर गाउँपालिकाको समृद्ध विकासको आधार कृषिक्षेत्र रहेको तथ्यलाई मध्यनजर गर्दै आर्थिक वर्ष २०८२/०८३ ले लिएको वार्षिक नीति तुलनात्मक लाभ हुन सक्ने मकै, धान, गहुँ, बेमौसमी तरकारी लगायतका कृषि उपजको उत्पादनमा जोड दिने, भूउपयोग योजनाको खाका बमोजिम खेती योग्य जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने तथा कृषि योग्य भूमिमा सिँचाइ सुविधा विस्तार गर्न मोटर बोरिङको व्यवस्थता मिलाउने कार्यलाई मूर्तरुप दिदै किसानसँगको साझेदारीमा मोटर बोरिङको जडान गडान गरी बाह्रै महिना सिँचाइको सुविधा पुर्याई कृषि उत्पादकत्वमा वृद्धि गर्न, बेमौसमी बालीनाली, तरकारी तथा फलफूलको उत्पादन बढाई दीगो आयआर्जनको व्यवस्था मिलाउन कोशी प्रदेश सरकारबाट आ.व. २०८२/०८३ मा सशर्त कार्यक्रम अन्तर्गत प्राप्त मोटर बोरिङ सिँचाइ कार्यक्रम–सिँचाइ प्रणालीको निर्माण कार्यक्रमबाट गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई मापदण्ड बमोजिम अनुदान उपलब्ध गराई कार्यक्रम कार्यान्वयनमा निष्पक्षता र पारदर्शिता कायम गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी हरिनगर गाउँ कार्यपालिकाले यो कार्यविधि बनाईएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "हरिनगर गाउँपालिकाको मोटर बोरिङ सिँचाइ कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले हरिनगर गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले हरिनगर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "साझेदार" भन्नाले ५०% अनुदानमा लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्नका लागि इच्छुक कृषक/कृषक समूह/कृषि फर्म/सहकारी संघ संस्था र निजी क्षेत्रलाई समेत जनाउँछ ।

(ङ) "साझेदारी" भन्नाले ५०% अनुदानमा कार्यक्रम सञ्चालनका लागि २ वा २ भन्दा बढी सरकारी निकायहरु वा सहकारी वा गैरसहकारी क्षेत्र एवं नीजि क्षेत्र बीच द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा हुने लागत सहभागितालाई समेत जनाउँदछ ।

(च) "मोटर बोरिङ" भन्नाले भूमिगत रुपमा रहेको पानीलाई जमिनको सतहसम्म ल्याउन प्रयोग गरिने मेसिन/बिजुलीको प्रयोग गरी चलाउन सकिने उपकरण सेटलाई सम्झनु पर्दछ ।

(छ) "कार्यक्रम" भन्नाले मोटर बोरिङ सिँचाइ कार्यक्रमलाई सम्झनुपर्नेछ ।

३. **५०% लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिने:** (१) आ.व. २०८२/०८३ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही गाउँपालिकाले ५०% लागत साझेदारीमा कार्यक्रममा सहभागिता जनाउन इच्छुक लाभग्राहीको छनौट गर्नुपर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा रहेको भूमिगत जलको गहिराई र सो को लागि पानी तान्न आवश्यक पर्ने मोटर बोरिङको स्पेसिफिकेसन र लागत स्टिमेट प्राविधिक जनशक्तिबाट स्वीकृत गराई आवश्यक औजार उपकरण र मोटर बोरिङको जडान गडानसहितको कार्यका लागि इ–बिडिङ प्रकिया मार्फत बोलपत्र आव्हान गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले उपदफा (२) बमोजिम इ–बिडिङ प्रक्रिया मार्फत छनौट भएको बोलपत्रदाता मार्फत उपदफा (१) बमोजिम छनौट भएका लाभग्राहीले तोकेको प्राविधिक रुपमा उपयुक्त स्थानमा मोटर बोरिङ जडान गडान गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम छनौट भएका लाभग्राहीले कार्यक्रम सञ्चालनका सवै चरणमा आवश्यक सहजीकरण गर्नुपर्नेछ ।

४. **सूचना प्रकाशन र आवेदन सङ्कलन:** (१) वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयनको लागि सम्भावित लाभग्राहीको जानकारीका लागि आवश्यक योग्यता, कार्यक्रम सञ्चालन विधि, आवेदन दिने समय, स्थान र प्रक्रिया समेत उल्लेख गरी १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना गाउँपालिकाको वेभसाइट, सूचना पाटी र वडा कार्यालयमा समेत टाँस गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) आवेदन सङ्कलन आवश्यकता अनुसार गाउँपालिकाको कार्यालय र वडा कार्यालय समेतबाट गर्न सकिनेछ ।

५. **कार्यक्रममा सहभागिता जनाउन चाहने लाभग्राहीले आवेदन दिनुपर्ने:** दफा ३ बमोजिम प्रकाशन हुने सूचना बमोजिम कार्यक्रममा सहभागिता जनाउन चाहने लाभग्राहीले गाउँपालिकामा आवेदन गर्नु पर्नेछ । लाभग्राहीले आवेदनका साथमा देहायका कागजात पेश गर्नुपर्नेछ ।

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख. गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने कृषक/कृषक समूह/कृषि फर्म/सहकारी हुनुपर्ने,

ग. कम्तीमा १० कठ्ठा जग्गाको जग्गाधनी दर्ता प्रमाणपत्र

घ. सूचना बमोजिमको साझेदारी व्यहोर्ने प्रतिवद्धता,

ङ. प्राप्त अनुदानको दुरुपयोग नगर्ने प्रतिवद्धता,

च. कम्तीमा ३ वर्षदेखि जग्गा बाझो नराखेको स्वघोषणा,

छ. सम्बन्धित वडा कार्यालयको सिफारिस

ज. सम्भावित योजना स्थलको तस्विर

झ. भाडा वा लिजमा जग्गा लिएका लाभग्राहीले सम्वन्धित जग्गाधनीको लिखित स्वीकृति संलग्न गर्नुपर्नेछ ।

ञ. सिँचाइका अन्य वैकल्पिक श्रोत नभएका स्थानलाई प्राथमिकता दिइनेछ ।

६. **कार्यक्रममा सहभागिता जनाउन आवेदन गर्ने लाभग्राहीको प्राविधिकबाट स्थलगत अध्ययन गरिने:** कार्यक्रममा सहभागिता जनाउन आवेदन गर्ने सम्पूर्ण कृषकको गाउँपालिकाले खटाएका प्राविधिकबाट स्थलगत रुपमा आयोजना स्थलको तथा लाभग्राहीले पेश गरेको विवरणका सम्बन्धमा आवश्यक अध्ययन गर्न सक्नेछ ।

७. **कार्यक्रममा सहभागिता जनाउन आवेदन गर्ने लाभग्राहीको आवेदन छानविन गरिने:** कार्यक्रममा सहभागिता जनाउन आवेदन गर्ने सम्पूर्ण लाभग्राहीको आवेदन तथा आवेदनसाथ संलग्न अन्य कागजातको छानविन आर्थिक विकास समितिले गर्नु पर्नेछ ।

८. **आवेदनको स्वीकृति र सम्झौता:** (१) दफा ६ बमोजिम लाभग्राहीको आवेदन छानविन पश्चात लाभग्राहीको छनौट आर्थिक विकास समितिले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट भएका लाभग्राहीहरुसँग सम्झौताको प्रक्रिया कृषि विकास शाखाले अगाडि बढाउनु पर्नेछ ।

(३) कार्यालयले छनौट भएका र सम्झौता भएका लाभग्राहीको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

९. **कृषकसँग अनुदान सम्झौता गरिने:** कार्यक्रमका लागि छनौट भएका लाभग्राहीसँग अनुदान सम्झौता गरिनेछ ।

१०. **अनुदान दुरुपयोग गर्ने लाभग्राहीलाई कारवाही गरिने:** सम्झौता बमोजिमको काम नगरी अनुदानलाई दुरुपयोग गरेको पाइएमा त्यस्ता लाभग्राहीलाई कालो सूचीमा रारवी प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

११. **अनुगमन तथा सुपरक्षवेक्षण गरिने:** योजनालाई प्रभावकारी रुपमा सञ्चालन गराउन योजना सञ्चालनका विभिन्न चरणमा गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गर्नेछ ।

१२. **बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा वा अड्चन आई परेमा आर्थिक विकास समितिको सिफारिसमा गाउँ कार्यपालिकाले त्यस्तो वाधा वा अड्चन फुकाई कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

१३. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिए जति विषय यसै कार्यविधि बमोजिम तथा अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४. **संशोधनः** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधीनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

आज्ञाले,
**नाम**: रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत